पाठ ७

# मण्डलीहरूले सङ्गति उपलब्ध गरिदिन्छन्

आइतबार बिहानी प्रभु-भोज सेवा सञ्चालन हुनुभन्दा पहिले मण्डलीका सदस्यहरूका रूपमा ग्रहण गरिनुपर्ने पाँच जना व्यक्तिहरू पास्टर र डिकनहरूका सामुन्ने उभिए। एक जना नयाँ सदस्यचाहिँ चिनिया व्यापारी थिए भने अर्कीचाहिँ एक धनीको घरमा काम गर्ने एक केटी थिइन्। अरूहरूचाहिँ एक वृद्ध मानिस, जवान केटो र कारखानामा काम गर्ने स्त्री थिइन्।

विभिन्न पृष्ठभूमिबाट आएका मानिसहरूलाई देखेपछि पास्टरले यसो भने, "आज पाँच भिन्दाभिन्दै व्यक्तिहरूलाई यस सङ्गतिमा विशेष स्वागत गरिनेछ, जो यस मण्डलीका सदस्यहरू हुन गइरहेका छन्। जाति, पद र उमेरमा उस्तै नभए तापनि ख्रीष्टमा भएको उद्धारद्वारा प्रत्येकलाई एउटै सङ्गतिमा ल्याइएको छ। प्रेरितले पनि यसो भनेका छन्, 'अब नता यहूदी छ न ग्रीक, न कमारा छ, न फुक्का, नता पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ' (गलाती ३:२८)। आज तपाईंहरूले यस कुराको प्रमाण देखिरहनुभएको छ!"

हामी एक-अर्काका लागि सहायता, सामर्थ्य र आनन्द हुन सकौं भनी परमेश्वरले सङ्गतिको सृजना गर्नुभएको हो। स्थानीय मण्डलीका कामहरूमध्ये यो पनि एक महत्त्वपूर्ण काम हो।




**जति हामी ख्रीष्टको नजीक जान्छौं, अरूहरूसँगको**
**हाम्रो सङ्गति पनि त्यत्ति नै नजीक बन्छ।**

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

स्थानीय मण्डलीमा सङ्गति
मण्डलीहरूका बीचमा सङ्गति

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- विश्वासीहरूका बीचमा र मण्डलीहरूका बीचमा सङ्गति किन महत्त्वपूर्ण छ सो व्याख्या गर्न।
- विश्वासीहरूका निम्ति खुला रहेका सङ्गतिका विभिन्न क्षेत्रहरूलाई महसूस गर्न।

## स्थानीय मण्डलीमा सङ्गति

उद्देश्य १ *स्थानीय मण्डलीका सङ्गतिका निम्ति प्राप्त मौकाहरूको महत्त्वलाई चिन्नुहोस्।*

### सङ्गतिको निम्ति कारणहरू

केही अचम्मको कुरा भएको छ! हप्ताभरि भएको विशेष सभामा तिमोथी र मरियम दुवैले पवित्र आत्मामा बप्तिस्मा पाए। यस अनुभवपछि सबैसँग सुसमाचार बाँड्ने चाहना तिनीहरूमा जाग्यो। मरियमका आमा-बाबु, जसले पहिले कहिल्यै पनि सुसमाचारमा चासो देखाउँदैनथे, तर मरियममा भएको परिवर्तनको कारण तिनीहरू पनि प्रभावित भएका थिए। मण्डलीमा जानका लागि अझै पनि तयार भइनसकेका तिनका आमा-बाबुले पार्कमा हुने मण्डली भोजमा भाग लिने निमन्त्रणालाई चाहिँ स्वीकार गरे।

त्यहाँ सबैका लागि प्रशस्तै भोजन र सहभागी हुनका लागि खेलकुदहरू थिए। मानिसहरूले एउटाले अर्कोको वास्ता गरेको जस्तो देखियो र तिनीहरूले बड़ो आदरका साथ मरियमका आमा-बाबुलाई पनि सबै क्रियाकलापहरूमा समावेश गराए। विशेष गरी मरियमका कान्छा भाइ दौड़मा अति आनन्दित भए। सण्डे स्कूल (बाल-सङ्गति)-मा हुने विभिन्न क्रियाकलापहरूका बारेमा अरूहरूबाट सुनेपछि, त्यहाँ भाग लिनका लागि पनि उनले निर्णय गरे।

मरियमको परिवारले सेवाहरूमा भाग लिन शुरू गरे, छिट्टै नै तीनै जना विश्वासमा आए। ख्रीष्टियान सङ्गतिले नै सबैभन्दा पहिले तिनीहरूलाई मण्डलीमा आकर्षित गराएको थियो, र

बिस्तारै तिनीहरूले उद्धारको सन्देश सुने र यसमा प्रतिउत्तर पनि दिए।

शुरूको मण्डलीले सङ्गतिको निम्ति यस आधारभूत खाँचोलाई उपलब्ध गरिदिएको थियो। पेन्तिकोसको दिनमा पत्रुसको प्रचारपछि, धेरैले विश्वास गरे र बप्तिस्मा लिए। त्यस दिन करीब ३००० मानिसहरू मण्डलीमा थपिए। "तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र संयुक्त भोज र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे" (प्रेरित २:४२)।

शुरूको मण्डलीले दिएको उदाहरणबाट हामीले तल केही मार्गहरूलाई उल्लेख गरेका छौं:

१. *प्रेरितहरूबाट सिक्नका लागि विश्वासीहरूले समय दिएका थिए।* ठूला संख्यामा मानिसहरूले विश्वास गरेका हुनाले प्रत्येकलाई छुट्टाछुट्टै किसिमले सिकाउने सम्भावना त्यहाँ थिएन। हाम्रा मण्डली स्कूलहरूसँग दाँज्न सकिनेजस्ता कक्षाहरूमा तिनीहरू भेला हुने गर्थे होलान्। हामीले एकैसाथ परमेश्वरको वचनलाई अध्ययन गर्दा, हामीले सिक्ने मात्र होइनौं, तर हाम्रा स्वर्गीक पिताले हामीलाई दिनुभएका सुन्दर सत्यताहरूको बाँड़चूँड़ गर्दा हामीले एक-अर्कासँग नजीकपनाको विकास गर्छौं।

२. *सबै विश्वासीहरू सङ्गतिमा भाग लिन्थे।* आजको संसारमा पनि अझै मानिसहरूलाई स्थानीय मण्डलीको सङ्गतिको आवश्यकता पर्छ। रेड़ियोमा प्रचार गरिएको सुसमाचार सुन्नु वा मण्डली सेवाहरूलाई टि.भी.-मा हेर्नुले चाहिँ स्थानीय मण्डलीमा सहभागी हुने कुराको स्थान लिन सक्दैन।

नयाँ विश्वासीहरूका निम्ति आफैद्वारा मात्र ख्रीष्टियान जीवन जिउन अति नै कठिन पर्छ। तिनीहरूलाई परिपक्व ख्रीष्टियानहरूको सामर्थ्य र अनुभवको आवश्यकता पर्छ– र वृद्ध

ख्रीष्टियानहरूका लागि पनि तिनीहरूका जोश र जाँगरको आवश्यकता पर्छ। एकसाथ भेटघाट गर्नाले पूरै मण्डली बलियो हुन्छ।

३. *तिनीहरू एकैसाथ भोजन खान्थे।* खाना खानु जीवनको आवश्यकीय भाग नै हो, र एकैसाथ खाना खानुचाहिँ महत्त्वपूर्ण किसिमको सङ्गति पनि हो। कसैलाई तपाईंसँगै खाना खानका लागि निमन्त्रणा गर्नु मित्रताको चिन्ह पनि हो। मण्डली जीवनमा सङ्गति भोजनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ।

४. *शुरूको मण्डलीले एकैसाथ प्रार्थना गर्ने कुरामा जोड़ दिएको थियो।* मण्डली भवनमा वा घरहरूमा गरिने प्रार्थना सभाले आत्मिक सङ्गतिलाई बलियो पार्छ। विश्वासीहरूले एकैसाथ प्रभुलाई आराधना गर्दा र एक-अर्काको निम्ति प्रार्थना गर्दा तिनीहरू अनुग्रह र प्रेममा एकैसाथ बढ्छन्।



५. *खाँचोमा परेकाहरूलाई तिनीहरूले सहायता गर्थे।* शुरूको मण्डलीका सदस्यहरू एक-अर्काप्रति विचारशील थिए। तिनीहरू विधवाहरू र गरीबहरूलाई सहायता गर्थे (प्रेरित २:४४; ४:३२; ६:१; ९:३६ हेर्नुहोस्।) एकैसाथ यही बाँड़चूँड़ गरिएको कारण, पावलले फिलिप्पीको नयाँ मण्डलीलाई यसरी लेख्न सकेका थिए, "आत्मासँग तिमीहरूको सङ्गति छ र एक-अर्काको निम्ति तिमीहरूसँग दया र सहानुभूति छ" (फिलिप्पी २:१)। यसरी नै आज पनि मण्डलीमा गरिनुपर्छ।

**तपाईंको अभ्यासको निम्ति**

**१** यदि स्थानीय मण्डली केवल शिक्षा र प्रार्थनाको लागि मात्र भेला हुन्छ भने, अरू कुन तीनवटा क्रियाकलापहरूको त्यहाँ घटी छ? ..........................................................

..........................................................

**सङ्गतिको बनावट**

एकैसाथ काम गर्नु हाम्रो ख्रीष्टियान जीवनको महत्त्वपूर्ण भाग हो भन्ने कुरालाई हामीले हेरिसकेका छौं। अब हामी मण्डलीभित्रै भएका केही संगठनहरूका बारेमा विचार गरौं, जसले सङ्गतिको निम्ति भएको हाम्रो आवश्यकतालाई पूरा गर्छन्।

मण्डलीका *दिदी-बहिनीहरूले* सङ्गतिको निम्ति र प्रार्थना, काम र दियाइबाट सुसमाचार पुऱ्याउनको लागि आफ्नै समूहको संगठन गरेका हुन्छन्। तिनीहरूको सरोकारचाहिँ मण्डली, मिशनरीहरू र स्थानीय आवश्यकताहरूको निम्ति हो। खाँचोमा परेका परिवारहरूलाई लुगा सिइदिने, बाल-सङ्गतिका कोठाहरूलाई

सजाउने वा थुनिएका दिदी-बहिनीहरूलाई भेटघाट गर्नेजस्ता परियोजनाहरूमा तिनीहरूले एकैसाथ काम गर्ने गर्छन। तिनीहरूमध्ये कति जनाले त आफ्नो खाने खर्चबाट जोगाएर दिनु परेको हुनाले तिनीहरूले दिएको कुरा थोरै हुन सक्छ, तर तिनीहरूले उपलब्धी हासिल गरेका कुराहरू देख्दा छक्कै लाग्छ! सहायता गर्ने यस सङ्गतिमा तिनीहरूले वास्तविक आनन्द प्राप्त गरेका हुन्छन्।

*दाजु-भाइहरूले* पनि आफूलाई समूहहरूमा संगठन गर्छन् र तिनीहरू प्रार्थनाको निम्ति भेला हुन्छन्। तिनीहरूले मिशनरी परियोजना वा ख्रीष्टियान साहित्यको निम्ति कोश (रकम)-हरू उठाउँछन्। कुनै ठाउँहरूमा तिनीहरूले तिनीहरूको आफ्नै वा अर्को मण्डली भवन निर्माण गर्नका लागि सहायता पुऱ्याउँछन्। तिनीहरूका क्रियाकलापहरूमा ख्रीष्टको निम्ति मानिसहरूलाई जित्ने काम पनि समावेश गरिएको हुन्छ।

*केटाहरू* र *केटीहरूलाई* विशेष गरी तिनीहरूकै निम्ति तयार गरिएका कार्यक्रमहरूमा भाग लिनका लागि उत्साह दिइन्छ। सुयोग्य र समर्पित बयस्कहरूले आफूलाई विभिन्न कामहरू सिकाउँछन्ः केटीहरूका लागि खाना पकाउने, लुगा सिउने, हस्तकला। केटाहरूका निम्ति काठको काम, घर बनाउने काम र जीवन धान्ने अन्य पेशाहरू। दुवै समूहहरूलाई ख्रीष्टियान सिद्धान्तहरूमा तालिम दिइन्छ। तिनीहरूले बाइबलका पदहरूलाई कण्ठ गर्छन् र दिइएको लक्ष्य प्राप्तिको निम्ति अगाड़ि पढ्छन्। जवान र प्रतिउत्तर दिने अवस्थामा नै तिनीहरूलाई अगुवाइ गरिँदा तिनीहरू चौतर्फी विकास भएका प्रौढ़मा वृद्धि हुन्छन्, जसले प्रभुलाई प्रेम गर्छन् र उहाँको सेवा गर्छन्। तिनीहरूलाई दिइएको हाँसो-मज्जाको समयले तिनीहरूको चासोलाई अझै बढ़ाइदिन्छ।

*जवानहरूलाई* पनि तिनीहरूलाई मिल्ने किसिमको कार्यक्रमको आवश्यकता पर्छ। तिनीहरूलाई योग्य खालका लक्ष्य (काम)-हरू दिइएको खण्डमा तिनीहरूले मण्डली र यसबाट सञ्चालित अरू विभिन्न कार्यक्रमहरूका निम्ति ठूलो योगदान पुऱ्याउन सक्छन्। पास्टरको निर्देशनमा तिनीहरूका समूहभित्रबाटका अगुवाहरूका साथमा तिनीहरूले आफ्नै सेवाहरू पनि सञ्चालन गर्छन्। केही ठूला-ठूला मण्डलीहरूमा नियमित पास्टरका साथसाथै जवान पास्टरलाई पनि नियुक्त गरिएको हुन्छ। पापपूर्ण संसारका आकर्षण र परीक्षाहरूबाट बचाउनका लागि जवान मानिसहरूलाई चाखलाग्दा कार्यक्रमहरू र शिक्षा उपलब्ध गरिदिनैपर्छ।

*वृद्ध व्यक्तिहरूका* आवश्यकताहरूलाई मण्डलीद्वारा पूरा गर्न सकिन्छ। आज धेरै समाजहरूमा वृद्ध व्यक्तिहरूका ठूला-ठूला समस्याहरूमध्ये एउटा समस्याचाहिँ एकलोपनाको महसूस हो। आफूलाई सबैले बिर्सेकोजस्तो तिनीहरूलाई लाग्छ। वृद्धाश्रममा बस्नेहरू वा तिनीहरूका आफ्नै घरमा बस्नेहरूलाई मण्डलीले भेटघाट गर्दा, ती व्यक्तिहरूका फुर्सदलाई मात्र तिनीहरूले उपयोग गरेका हुँदैनन्, तर परमेश्वरले वास्ता गर्नुहुन्छ भन्ने कुराको पनि स्मरण गराइन्छ।

मण्डलीभित्रै भएका यी र अन्य संगठनहरूले आवश्यकीय सङ्गति उपलब्ध गरिदिन्छन्। विशेष अवसरहरू र बिदाहरूका समयमा पनि त्यहाँ "भेटघाट कार्यक्रमहरू" राख्न सकिन्छ। वन-भोजको कार्यक्रम अति प्रचलित कार्यक्रम हो। कुनै-कुनै मण्डलीहरूमा सङ्गति गर्ने ठूलो कोठा हुन्छ, जहाँ टेबिलहरू, मेचहरू र भान्छाखण्डको व्यवस्था मिलाइएको हुन्छ र सबै किसिमका भेटघाटहरू यसै ठाउँमा नै गरिन्छ।

मानिसहरूले एकैसाथ सङ्गति गर्न सक्ने अरू तरीकाहरूलाई पनि तपाईं विचार गर्न सक्नुहुन्छ। कहिलेकहीँ पहिले योजना नै

नबनाईकन, आशा नगरेकै तरीकामा अरू विश्वासीहरूसँग भेटघाट गर्नका लागि प्रभुले तयारी गरिरहनुभएको हुन्छ। मण्डलीको मुख्य उद्देश्य आराधना गर्नु भए तापनि, सङ्गतिले सन्तुलित मण्डलीको चौतर्फी विकासमा सहायता पुऱ्याउँछ। आराधना गर्नु भनेको परमेश्वरतर्फ हाम्रा हातहरू उठाउनु हो। सङ्गति गर्नु भनेको एक-अर्काको हातलाई समात्नु हो।

## तपाईंको अभ्यासको निम्ति

**२** प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. शुरूको मण्डलीले आफ्नो फुर्सतको सबै समय बाइबल अध्ययन र प्रार्थनामा बिताउने गर्थ्यो।

**ख**. मण्डली-सम्बन्धी क्रियाकलापहरूमा केटाकेटीहरूले हाँसखेल गर्नुको साथसाथै सिकन पनि सक्छन्।

**ग**. संसारका परीक्षाहरूको आक्रमणबाट जवान मानिसहरूलाई जोगाउनका निम्ति तिनीहरूलाई चाख लाग्ने ख्रीष्टियान क्रियाकलापहरूलाई हामीले उपलब्ध गरिदिनुपर्छ।

**घ**. अरू विश्वासीहरूसँगको सङ्गतिले सन्तुलित ख्रीष्टियान जीवन उत्पादन गर्नका लागि सहायता पुऱ्याउँछ।

**३** तल दिइएको सूचीबाट सङ्गतिलाई सम्बोधन गर्ने मुख्य शब्दलाई छान्नुहोस्।

**क**. अध्ययन

**ख**. संगठन

**ग**. वनभोज

**घ**. भेटघाट भेला

**ङ**. आवश्यकताहरू

४ मण्डलीभित्रका कुन-कुन क्रियाकलाप वा संगठन तपाईंको विचारमा बढ़ी प्रभावशालीजस्ता देखिन्छन्?

.............................................................................

अरू विश्वासीहरूसँग हुने सङ्गतिको कुनै रूपमा यदि तपाईं अझैसम्म पनि संलग्न हुनुभएको छैन भने, संलग्न हुने तरीकाहरू भेट्टाउनुहोस्। सङ्गति गर्ने मौकाहरूमा यदि तपाईंको मण्डलीमा कमी छ भने, यसलाई सञ्चालन गर्नका लागि तपाईंसँग मिलेर काम गर्नका निम्ति अरूहरूसँग बिन्ती गर्नुहोस्।

## मण्डलीहरूका बीचमा सङ्गति

उद्देश्य २ *सङ्गति क्रियाकलापहरूलाई तिनीहरूका विशेष उद्देश्यहरूसँग जोड़ा मिलाउनुहोस्।*

मण्डलीहरूका बीचमा भएको सङ्गतिमा भाग लिनु प्रेरणादायिक अनुभव हो। यसले हाम्रो हेराइलाई विस्तारित गर्छ र प्रत्येक मण्डली ख्रीष्टको शरीरको अङ्ग हो भनी महसूस गर्न सहायता गर्छ। हामीले अरू मण्डलीहरूसँग सम्बन्ध कायम राख्दा हाम्रो मित्रताको घेरा पनि बढ़ेर ठूलो हुन्छ।

*सङ्गति भेलाहरू*ः कुनै-कुनै ठाउँहरूमा महीनामा एक पल्ट सङ्गति सभाहरू राखिएका हुन्छन्। मण्डलीहरूले पालो-पालो गरी अरू मण्डलीहरूलाई निमन्त्रणा गर्छन्। सङ्गति सभाहरूमा वचनको प्रचार, उत्तर प्राप्त भएका प्रार्थनाहरूको साक्षी, विभिन्न सेवाहरूका बीचमा एकसाथ खाइने भोजन, र विशेष गीत र सङ्गीतलाई समावेश गर्न सकिन्छ।

*जमघट*ः विभिन्न मण्डलीहरूबाट उस्तै समूहमा भेला हुने गरिन्छ। जवान अगुवाहरूद्वारा सञ्चालन गरिएका जवान

जमघटमा जवान व्यक्तिहरू आनन्दित हुन्छन्। दिदी-बहिनीहरू पनि दिदी-बहिनीहरूका जमघटमा भेला हुन्छन् र दाजु-भाइहरू पनि दाजु-भाइहरूको सम्मेलनमा भाग लिन रुचाउँछन्।

*प्रतियोगिताहरू*: विभिन्न मण्डलीहरूका बीचमा भएको बाइबल प्रश्न-उत्तर प्रतियोगिता वा पद कण्ठस्थ प्रतिस्पर्धाले परमेश्वरको वचन अध्ययन गर्नका लागि प्रेरणा प्रदान गर्छ। मानिसहरूलाई मण्डलीमा आउनका लागि आकर्षण गर्ने अर्को तरीकाचाहिँ साङ्गीतिक प्रतिस्पर्धाको कार्यक्रम हो।

*शिविरहरू र विशेष सभाहरू*: विभिन्न ठाउँमा छरिएर रहेका मण्डलीका विश्वासीहरू आ-आफ्ना व्यस्त कामहरूबाट अलग भई शिविर वा विशेष सभामा भाग लिनका लागि जान्छन्। जब त्यहाँ तिनीहरूले आत्मिक कुराहरूका लागि समय बिताउँछन्, तिनीहरू ताजा र प्रयोगयोग्य बनेका हुन्छन्। धेरै मानिसहरूले शिविर वा विशेष सभामा पवित्र आत्माको बप्तिस्मा पाएका छन्।

*संयुक्त सुसमाचारीय सेवा*: नजीक-नजीक भएका मण्डलीहरूले संयुक्त रूपमा सुसमाचारीय सेवा गर्न सक्छन्। सेवा पुऱ्याउनका निम्ति विशेष वक्ताहरू वा साङ्गीतिक समूहहरूलाई निमन्त्रणा दिन सकिन्छ। यस्ता खालका सभाहरूले समाजमा बलियो प्रभाव पार्न सक्छन्। अनुगमन कार्यलाई संगठित गरिनुपर्छ र यसरी नयाँ विश्वासीहरूले तिनीहरूका नजीकै भएको मण्डलीमा सङ्गति पाउन सक्छन्। स्थानीय मण्डलीहरूले तिनीहरूका आफ्नै पर्खालभन्दा अझै टाढ़ा आत्माहरूको फसल पाकेका खेतहरूलाई हेर्न आवश्यक छ। अरू मण्डलीहरूको सहभागितामा काम गर्नाले यो कुरा स्मरण गर्नका लागि तिनीहरूलाई सहयोग पुग्छ कि ख्रीष्टको शरीरमा सबै ठाउँका सबै विश्वासीहरू संलग्न छन्।

विश्वासीहरूलाई एक-अर्काको आवश्यकता परेझैं मण्डलीहरूले पनि एक-अर्कासँग सङ्गति गर्न आवश्यक छ। नयाँ जन्म पाएका र आत्माले भरिएका मानिसहरू एकसाथ आएका कुरालाई आज हामीले देखिराखेका छौं। विभिन्न मण्डलीहरूको ठूलो जमघटले संसारलाई यही कुरा देखाउँछ, कि ख्रीष्टको प्रेम र आत्मामा भएको सङ्गति साम्प्रदायिक भावनाहरूभन्दा पनि अझ बलिया हुन्छन्। येशूले भन्नुभयो, "यदि तिमीहरूले एक-अर्कालाई प्रेम गर्‍यौ भने यसैबाट सबैले जान्नेछन् कि तिमीहरू मेरा चेलाहरू हौ" (यूहन्ना १३ः३५)।

कुनै-कुनै मण्डलीहरू पूरै स्वतन्त्र भएर रहन चाहे तापनि प्रायःजसो मण्डलीहरूचाहिँ कुनै सम्प्रदायको सदस्य हुन्छन्। यी दुइवटाको बीचको मार्गलाई "सहयोगात्मक सङ्गति" भनिन्छ। धेरै पेन्टिकोस्टल मण्डलीहरू यस्तो खालको संगठनमा सहभागी छन्। सहयोगात्मक सङ्गतिमा भए तापनि प्रत्येक स्थानीय समूहले आफैलाई शासन वा समर्थन गरेको हुन्छ। यस्तो कार्यमा संलग्न व्यक्तिहरूलाई परमेश्वरको निम्ति एकैसाथ काम गर्ने व्यक्तिहरू भनी सम्बोधन गरिन्छ। एक-अर्कासँगको सहयोगद्वारा ठूला-ठूला सेवाहरूलाई सञ्चालन गर्न सकिन्छ– सुसमाचारीय साहित्यको छपाइ, रेड़ियो कार्यक्रमको प्रसारण, मिशनरीहरूलाई पठाउने काम, र ठूला सभाहरू वा सुसमाचारीय सभाहरूको सञ्चालनजस्ता कुराहरू।

### तपाईंको अभ्यासको निम्ति

**५** प्रत्येक उदाहरणको अगाड़ि, त्यससँग मिल्ने शब्द समूहको संख्या लेख्नुहोस्।

| | |
|---|---|
| .....**क**. अरू जवानहरूलाई भेट्नका लागि जवान मानिसहरूलाई सहायता गर्न। | १) सङ्गति भेलाहरू |
| .....**ख**. अरू विश्वासीहरूसँगसँगै प्रार्थना र आराममा समय बिताउन। | २) जमघट |
| .....**ग**. परमेश्वरको वचनमा इच्छाको प्रेरणा जगाउन। | ३) प्रतियोगिताहरू |
| .....**घ**. अरू मण्डलीहरूसँग सङ्गति गर्न। | ४) शिविरहरू र विशेष सभाहरू |
| .....**ङ**. सुसमाचारीय कार्यक्रममा अरू मण्डलीहरूसँग काम गर्न। | ५) संयुक्त सुसमाचारीय सेवा |

**६** वाक्यलाई पूरा गर्ने प्रत्येक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। अन्तरमण्डली सङ्गतिले

**क**. एक-अर्कासँगको हाम्रो सङ्गतिलाई बलियो पार्छ।
**ख**. स्थानीय मण्डलीलाई बलियो पार्छ।
**ग**. सुसमाचारीय कार्यक्रमलाई बलियो पार्छ।
**घ**. अविश्वासीहरूका बीचमा हाम्रो साक्षीलाई बलियो पार्छ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ सङ्गति, भोजनको बाँड्चूँड़ र आवश्यकताहरूको बाँड्चूँड़।

४ तपाईंको उत्तर

२ **क** बेठीक
**ख** ठीक
**ग** ठीक
**घ** ठीक

५ **क** २) जमघट
**ख** ४) शिविर वा विशेष सभा
**ग** ३) प्रतियोगिता
**घ** १) सङ्गति भेलाहरू
**ङ** ५) संयुक्त सुसमाचारीय सेवा

३ घ) भेटघाट भेला (एकैसाथ जम्मा हुने)

६ तपाईंले सबैमा घेरा लगाउनुभएको हुनुपर्छ, किनकि सबै वाक्यहरू ठीक छन्।